# मासिक प्रतिवेदन

## २०८३ असार

परराष्ट्र मन्त्रालय

सिंहदरबार

**२०८३ असार महिनामा परराष्ट्र मन्त्रालय र अन्तर्गतका निकायहरूबाट सम्पादित प्रमुख कार्यहरू:**

१.उपराष्ट्रपति श्री रामसहाय प्रसाद यादव कतारका पूर्व अमिर His Highness the Father Amir Sheikh Hamad bin Khalifa Al Thani को निधनमा नेपाल सरकारको तर्फबाट समवेदना व्यक्त गर्न २०८३ असार ३० देखि ३२ गतेसम्म कतारको औपचारिक भ्रमण गर्नुभएको। भ्रमणका क्रममा उहाँले राष्ट्रपति श्री रामचन्द्र पौडेलका तर्फबाट पठाइएको समवेदना-पत्र कतारका अमिर His Highness Sheikh Tamim bin Hamad Al Thani समक्ष हस्तान्तरण गर्नुभएको। सो भ्रमणका लागि आवश्यक तयारी, समन्वय तथा सहजीकरण गरिएको।

२. सभामुख डोल प्रसाद अर्याल, अर्थमन्त्री डा. स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री श्री शिशिर खनाल, गृह मन्त्री श्री सुधन गुरुङ्ग, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारी, र प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार श्री असिम शाहसँग यू.ए.ई. सरकारका केन्द्रीय मन्त्री Minister of Foreign Trade, H.E. Dr Thani bin Ahmed Al Zeyoudi को नेतृत्वमा एक प्रतिनिधिमण्डलले ८ देखि १० जुलाई २०२६ मा गरेको नेपाल भ्रमणको क्रममा शिष्टाचार भेटघाट तथा द्विपक्षीय बैठकका लागि समन्वय गरिएको। सो अवसरमा नेपाल र संयुक्त अरब इमिरेट्सबीचको द्विपक्षीय सम्बन्ध र सहकार्यलाई थप सुदृढ बनाउने दिशामा छलफल तथा विचार आदानप्रदान भएको।

३.नेपाल सरकार गठन भएको १०० दिन पूरा भएको अवसरमा सरकारको घोषित नीति अनुरूप परराष्ट्र मन्त्रालयले सम्पादन गरेका मुख्य-मुख्य कार्यहरू समेटिएको परराष्ट्र मन्त्रालयको एक सय दिनको कार्यसम्पादन विवरण तयार गरी २०८३ असार २० गते सार्वजनिक गरिएको र सो विवरण हाल मन्त्रालयको वेबसाइटमा समेत उपलब्ध रहेको।

४.नेपाल सरकारको शासकीय सुधार सम्बन्धी सय बुँदे कार्यक्रम अन्तर्गत परराष्ट्र मन्त्रालयसँग सम्बन्धित गतिविधिहरुको प्रगति विवरण नियमित रुपमा संकलन, विश्लेषण तथा अद्यावधिक गरी हरेक हप्ता प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा निरन्तर प्रेषण गरिएको।

५.परराष्ट्रमन्त्री श्री शिशिर खनालले जनवादी गणतन्त्र चीनका विदेश मन्त्री H. E. Wang Yi को मैत्रीपूर्ण निमन्त्रणामा २०८३ जेठ ३१ देखि असार ३ गतेसम्म चीनको चारदिने औपचारिक भ्रमण सम्पन्न गर्नुभएको। भ्रमणका अवसरमा द्विपक्षीय सम्बन्धलाई थप मजबुत बनाउने दिशामा फलदायी छलफल भएको।

६.परराष्ट्रमन्त्री श्री शिशिर खनालले परराष्ट्र मन्त्रालयलाई विनियोजित बजेट र परराष्ट्र मन्त्रालयसम्बन्धी विषयहरूमा माननीय सदस्यहरूले उठाउनुभएका जिज्ञासा, प्रश्न तथा सुझावहरूका सम्बन्धमा प्रतिनिधि सभालाई २०८३ असार ०४ गते र राष्ट्रिय सभालाई मिति २०८३ असार २३ गते एवम् संघीय संसदको अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिको बैठकलाई २०८३ असार २३ गते सम्बोधन गर्नुभएको।

७.२०८३ असार ३१ गते परराष्ट्रमन्त्री श्री शिशिर खनालले काठमाडौंस्थित कतार राजदूतावासमा पुगी कतारका पूर्व अमिर His Highness the Father Amir Sheikh Hamad bin Khalifa Al Thani को निधनमा नेपाल सरकार तथा नेपाली जनताको तर्फबाट गहिरो समवेदना व्यक्त गर्दै समवेदना पुस्तिकामा हस्ताक्षर गर्नुभएको।

८.२०८३ असार ३० गते परराष्ट्रमन्त्री श्री शिशिर खनाल र बेलायतका रक्षा मन्त्री The Rt. Hon Dan Jarvis MBE MP बीच भूतपूर्व ब्रिटिस गोर्खाहरूका लामो समयदेखि सुल्झिन बाँकी मागहरूमा केन्द्रित भई भर्चुअल बैठक (Virtual Talk)सम्पन्न भएको।

९.२०८३असार १५ गते (तदनुसार २९ जुन २०२६) गते परराष्ट्र मन्त्रालयले वार्षिक रूपमा आयोजना गर्ने यदुनाथ खनाल लेक्चर सिरिजको पाँचौं संस्करण सफलतापूर्वक सम्पन्न भएको। "Foreign Policy of Nepal: Navigating Geopolitical and Geoeconomic Trends" थिममा आयोजित उक्त कार्यक्रममा पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराई वक्ता रहनुभएको। उक्त कार्यक्रममा परराष्ट्र सचिव श्री अमृत बहादुर राईले स्वागत मन्तव्य राख्नुभएको थियो भने परराष्ट्रमन्त्री श्री शिशिर खनालले समापन मन्तव्य राख्नुभएको थियो।

१०.राष्ट्रपति, उपराष्ट्रपति, परराष्ट्रमन्त्री तथा परराष्ट्र सचिवसँग नेपालका लागि फ्रान्सका राजदूत H. E. Ms Virginie CORTEVAL ले गर्नुभएको विदाई भेटका लागि आवश्यक समन्वय गरिएको।

११.२०८३ असार ३२ गते परराष्ट्रमन्त्री श्री शिशिर खनालसँग नेपालका लागि जापानका राजदूत H. E. Mr MAEDA Toruले शिष्टाचार भेट गर्नुभएको। सो अवसरमा द्विपक्षीय सम्बन्ध सुदृढीकरण, JICA का अध्यक्षको आगामी नेपाल भ्रमण तथा शिक्षा, ऊर्जा र जलविद्युत् क्षेत्रमा विकास सहकार्य लगायत आपसी हितका विषयमा छलफल भएको।

१२.मिति २०८३ असार १६ गते परराष्ट्रमन्त्री श्री शिशिर खनालसँग नेपालका लागि नवनियुक्त रूसी महासंघका राजदूत H. E. Mr Aleksei Vladimirovich Surovtsev ले शिष्टाचार भेट गर्नुभएको। उक्त अवसरमा दुई देशबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७० वर्ष पूरा भएको अवसरमा आयोजना हुने कार्यक्रमहरू तथा रूसी सेनामा रहेका नेपाली नागरिकसँग सम्बन्धित विषय लगायत नेपाल-रूस सम्बन्धका विविध विषयमा छलफल भएको।

१३.२०८३ असार ३२ गते परराष्ट्रमन्त्री शिशिर खनाल र परराष्ट्र सचिव श्री अमृत बहादुर राईसँग भारतको विदेश मन्त्रालयका Additional Secretary, H. E. Mr Munu Mahawar ले शिष्टाचार भेट सम्पन्न भएको। सो अवसरमा नेपाल-भारतबीचको घनिष्ठ र प्रगाढ सम्बन्धलाई आपसी हितका क्षेत्रमा थप सुदृढ बनाउने विषयमा छलफल भएको।

१४.नेपालका लागि United Nations Population Fund (UNFPA) का Country Representative Mr Sriram Haridass ले परराष्ट्रमन्त्री श्री शिशिर खनालसमक्ष Letter of Credence पेश गर्नुका साथै शिष्टाचार भेट गर्ने कार्यक्रमका लागि आवश्यक, समन्वय र सहजीकरण गरिएको।

१५.मिति २०८३ असार ११ गते नेपालका लागि भुटानका गैरआवासीय राजदूत H. E. Major General Vetsop Namgyel ले परराष्ट्र सचिव श्री अमृत बहादुर राईसँग शिष्टाचार भेट गर्नुभएको। सो अवसरमा परराष्ट्र सचिवले लुम्बिनीमा निर्माण हुने Bhutan Temple Complex को शिलान्यास समारोहको सफलताका लागि शुभकामना व्यक्त गर्नुभएको। साथै, द्विपक्षीय सम्बन्ध, जलवायु परिवर्तन तथा विद्यमान क्षेत्रीय र बहुपक्षीय मञ्चहरूको ढाँचाभित्र क्षेत्रीय सहयोग विस्तारका विषयमा छलफल भएको।

१६.MoFA Nepal Summer Internship and Fellowship Programme २०२६ का लागि छनौट भएका २० प्रशिक्षार्थीहरूका लागि २०८३ असार ३ गते परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान, त्रिपुरेश्वरमा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको। उक्त कार्यक्रममा परराष्ट्र सचिव श्री अमृत बहादुर राईले अभिमुखीकरण मन्तव्य दिनुभएको र मन्त्रालयका सहसचिव एवम् प्रवक्ताले मन्त्रालयको कार्यप्रणाली, संस्थागत प्राथमिकता तथा समसामयिक अन्तर्राष्ट्रिय परिवेशबारे विस्तृत जानकारी गराउनुभएको। सोका लागि छनौट भएका प्रशिक्षार्थीहरूले Strategic Affairs and Public International Law, Development and Finance, Emerging Technologies, Clean Energy, Nepali Diaspora लगायतक्षेत्रमा अनुसन्धान गर्ने कार्य भइरहेको।

१७.२०८३ असार १७ र १८ गते संघीय संसदका प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका माननीय सदस्यहरूका लागि नेपाल पर्यटन, होटल तथा पर्वतीय प्रतिष्ठान (NATHM) मा कूटनीतिक आचारसंहिता तथा डाइनिङ एटिकेटसम्बन्धी अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको।

१८.जनवादी गणतन्त्र चीनका वाणिज्य उपमन्त्री Mr Yan Dong को नेतृत्वमा एक चिनियाँ प्रतिनिधिमण्डलले २०८३ असार २२ देखि २४ गतेसम्म नेपाल भ्रमण सम्पन्न गरेको। भ्रमणका क्रममा China-Nepal Economic and Trade Joint Committee को १२ औं बैठक असार २३ गते सम्पन्न भई नेपाल-चीनबीचको व्यापार, कनेक्टिभिटी, पूर्वाधार विकास र लगानी लगायतका विषयमा छलफल भएको। उक्त भ्रमणको आवश्यक समन्वय गरिएको।

१९.मिति २०८३ असार ४ गते संयुक्त राज्य अमेरिका र इस्लामिक गणतन्त्र इरानबीच हस्ताक्षर भएको "Islamabad Memorandum of Understanding" लाई नेपाल सरकारले स्वागत गर्दै वक्तव्य जारी गरेको। उक्त वक्तव्यमा सो शान्ति सम्झौताले पश्चिम एसियामा दीर्घकालीन शान्ति र स्थायित्व स्थापना गर्न योगदान पुऱ्याउने नेपाल सरकारको विश्वास व्यक्त गरिएको।

२०.भेनेजुएलाको राजधानी काराकसमा गएको शक्तिशाली भूकम्पबाट भएको जनधनको क्षतिप्रति समवेदना व्यक्त गर्दै मन्त्रालयबाट २०८३ असार ११ गते वक्तव्य जारी गरिएको।

२१.मिति २०८३ असार ३० र ३१ गते (तदअनुसार १४ र १५ जुलाई २०२६) नेपाल-भारत Joint Steering Committee (JSC) and Joint working Group (JWG) for Cooperation in Power Sector को १३ औं बैठक पोखरामा आयोजना भएको र सो बैठकमा परराष्ट्र मन्त्रालयका दक्षिण एसिया महाशाखा प्रमुख/सहसचिवको नेतृत्वमा प्रतिनिधित्व गर्नुका साथै आवश्यक समन्वय र सहजीकरण गरिएको।

२२.२०८३ असार २ गते नेपाल-डेनमार्क द्विपक्षीय परामर्श संयन्त्रको तेस्रो बैठक काठमाडौंमा सम्पन्न भएको। बैठकमा द्विपक्षीय सम्बन्धका विविध आयामको समीक्षा हुनुका साथै स्वच्छ ऊर्जा, व्यापार तथा लगानी, पर्यटन, सूचना प्रविधि तथा डिजिटल नवप्रवर्तन लगायतका क्षेत्रमा आर्थिक सहकार्य अभिवृद्धि गर्ने र सन् २०२७ मा दुई देशबीच कूटनीतिक सम्बन्ध स्थापनाको ६०औं वार्षिकोत्सव मनाउने विषयमा छलफल भएको।

२३.राहदानी विभागले २०८३ असार २९ गतेदेखि नेपालको इतिहासकै सबैभन्दा ठूलो डेटा माइग्रेसन सफलतापूर्वक सम्पन्न गरी नयाँ राहदानी उत्पादन, व्यवस्थापन तथा वितरण सुरु गरेकोमा सो सम्बन्धी आवश्यक तयारी एवम् समन्वयका अतिरिक्त सूचना प्रवाह र प्रचारप्रसार समेत गरिएको।

२४.राहदानीसेवालाई थप सरल, सहज र प्रभावकारी बनाउन छापिएका राहदानीहरू सम्बन्धित जिल्ला तथा इलाका प्रशासन कार्यालयहरूमा शीघ्र पुर्याउन हुलाक सेवासँग सहकार्य गर्ने विषयमा २०८३ असार १९ गते सम्झौता सम्पन्न भई सोही दिनदेखि लागू भएको।

२५.Chemical Weapons Convention (CWC) को कार्यान्वयनसम्बन्धी विवरणसहितको प्रतिवेदन (Implementation of CWC Article VII) OPCW को Technical Secretariat मा पेस गरिएको।

२६.प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका बैठकहरुमा परराष्ट्र मन्त्रालयसँग सम्बन्धित विषयमा उठान भएका विविध विषय समावेश गरी लिखित जवाफ संघीय संसद सचिवालयमा पठाइएको। साथै, संघीयसंसदका प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका बैठकहरूमा उठान भएका परराष्ट्र मामिलासम्बन्धी विषयहरू समावेश गरी नियमित रूपमा प्रतिवेदन तयार गरी पेस गरिएको र सो सम्बन्धी आवश्यक कार्यहरू सम्पादन गरिएको।

२७.परराष्ट्र मन्त्रालयको आर्थिक वर्ष २०८३/८४ का लागि माइलस्टोन तथा प्रगति सूचक तयार गरी PMO Anugaman प्रणालीमा प्रविष्ट गरिएको। आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति कार्यक्रम कार्यान्वयनका लागि नीति तथा कार्यक्रम कार्यान्वयनका लागि गर्नुपर्ने क्रियाकलाप, सम्बन्धित नीति/रणनीतिक, कानुनी/नियामक विषय, गैर बजेटरी/संस्थागत/समन्वय, जिम्मेवार निकायसहित प्राप्त गर्नुपर्ने प्रतिफल/नतिजासहितको विस्तृत कार्ययोजनामा छलफल गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पठाइएको।

२८.संघीय मन्त्रालयका माननीय मन्त्रीज्यूको स्वकीय तथा निजी सचिवालय, सचिवज्यूको सचिवालय, वैदेशिक सहयोग तथा समन्वय महाशाखा/शाखाका तथा अन्य केन्द्रीय निकायका करिब ४० कर्मचारीहरूलाई लक्षित गरी कूटनीतिक आचारसंहिता तथा शिष्टाचार कार्यशाला असार ४ गते परराष्ट्र मन्त्रालयको सभाहलमा सम्पन्न गरिएको।

२९.थाइल्याण्डको बैंककमा २९-३० जुन २०२६ मा आयोजित High-Level Segment of the Seventh Global Conference on Strengthening Synergies between the Paris Agreement and the २०३० Agenda for Sustainable Development र १ देखि ३ जुलाई २०२६ सम्म आयोजित UNESCAP को Ninth Session of the Committee on Environment and Development मा कृषि, वन तथा पर्यावरण मन्त्री श्री गिता चौधरीको नेतृत्वमा सहभागी नेपाली प्रतिनिधिमण्डलका लागि Credentials तयार गर्नुका साथै आवश्यक सहयोग, समन्वय र सहजीकरण गरिएको।

३०.आर्थिक कूटनीतिलाई सघन रूपमा सञ्चालन गर्न आ.व. २०८१/८२ मा तयार गरिएका १० देशसम्बन्धी रणनीतिका अतिरिक्त यस आ.व. मा थप १० देश समेत गरी हालसम्म २० देशसम्बन्धी Country Specific Strategy तयार गरिएको।

३१.आर्थिक कूटनीतिसम्बन्धी कार्यक्रम निर्देशिका, २०७१ मा समयसापेक्ष सुधार गर्नका लागि परराष्ट्र मन्त्रालयको मिति २०८३ जेठ ०६ को मन्त्रिस्तर निर्णयानुसार गठित कार्यदलको बैठक २०८३ असार २, ३ र ११ मा क्रमशः तेस्रो, चौथो र पाँचौ बैठक सम्पन्न भएको।

३२.२०८३ असार १९ मा Fresh Agricultural Products Supply to UAE and other Gulf Countries सम्बन्धी विषयमा Al Saman International Private Limited का प्रतिनिधि, Plant Quarantine and Pesticide Management Centre, नेपाल वायुसेवा निगम र मन्त्रालयका पदाधिकारी बीच बैठक सम्पन्न भएको। बैठकमा सरकारी तथा अन्य निकायहरूसँग थप अन्तरक्रिया तथा समन्वय गर्दै Fresh Products को निर्यात प्रवर्द्धनमा सहजीकरण गर्ने बारे छलफल भएको।

३३.दक्षिणपूर्वी एसियाका विभिन्न स्थानमा अवैधानिक रूपमा सञ्चालित अनलाइन स्क्यामिङ केन्द्रहरूमा ठगिन पुगेका नेपाली नागरिकहरूको उद्धारका लागि निरन्तर समन्वय र पहल जारी राखिएको। २०८३ असार २५ गतेसम्म कम्बोडियाबाट ७०९, म्यानमारबाट ११३, लाओसबाट ८ र थाइल्यान्डबाट ६ गरी जम्मा ८३६ जना नेपाली नागरिकको उद्धार गरिएको। साथै, नेपाली राजदूतावासको निरन्तर अनुरोधमा कम्बोडिया सरकारले यस वर्ष जम्मा ६०२ जना नेपालीको भिसा शुल्क तथा जरिवाना मिनाहा गरेको।

३४.विभिन्न समयमा नेपालबाट चोरी भई/हराएर संयुक्त राज्य अमेरिका पुगेका दुई पुरातात्त्विक महत्त्वका सम्पदाहरु क्रमशः तेह्रौं शताब्दीको पद्मपाणि लोकेश्वर (तामामा सुन जलप लगाएको) र सत्रौं शताब्दीको नृत्यदेवी (काठबाट निर्मित) का मूर्तिहरू नेपाल फिर्ता ल्याउनका लागि न्यूयोर्कस्थित नेपाली कन्सुलेट जनरलबाट समन्वय भएको। पुरातत्त्व विभागले मिति २०८३ असार २२ मा एक पुनर्स्थापना कार्यक्रमको आयोजना गरी औपचारिक रुपमा उक्त कलाकृतिहरू ग्रहण गरेको।

३५.२०८३ असार ११ गते परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानले International Day of Women in Diplomacy का अवसरमा "Women in Diplomatic Leadership: Sharing Experiences to Shape the Future" विषयक कार्यक्रम सम्पन्न गरेको।

३६.मन्त्रालय र अन्तर्गतका निकायबाट सम्पादित जनचासो र महत्त्वका मुख्य कामहरू सम्पादन तथा परिमार्जन गरी प्रवक्ताको कार्यालयबाट तत्कालै र मन्त्रालयको आधिकारिक वेबसाइट तथा सामाजिक ह्याण्डलबाट निरन्तर रूपमा प्रकाशन र प्रचारप्रसार गरिएको। सञ्जाल ह्याण्डल @MofaNepal मार्फत X, फेसबुक तथा वेबसाइटमा दैनिक औषत ४ भन्दा बढी पोष्ट प्रकाशित/प्रसारित भएका। साथै, मन्त्रालयबाट सम्पादित जनसरोकारका कार्यहरूसम्बन्धी जानकारी MoFA Media WhatsApp Group मार्फतसमेत निरन्तर सम्प्रेषण गरिएको। हाल उक्त समूहमा ४७०+ सञ्चारकर्मी आबद्ध रहेका।

३७.परराष्ट्र सम्बन्ध र मन्त्रालयका मुख्य कामहरूका सम्बन्धमा गर्दिै आएको नियमित प्रेस ब्रिफिङलाई यस महिना पनि निरन्तरता दिइएको। सो कार्यक्रम मन्त्रालयको आधिकारिक फेसबुक पेजबाट Live Stream गर्ने गरिएको। यस महिनाका ब्रिफिङहरू पराष्ट्रमन्त्रीको चीन भ्रमण, यदुनाथ खनाल लेक्चर सिरिज, पश्चिम एसियाको परिस्थिति, उच्चस्तरीय भेटघाट, श्रम आप्रवासन लगायतका विषयमा केन्द्रित रहेको।

३८.Diplomatic List अद्यावधिक गरी मन्त्रालयको वेवसाइटमा प्रकाशन गरिएको। मन्त्रालयको वेबसाइट अद्यावधिक गर्ने कार्यका लागि निरन्तर समन्वय गरी प्राप्त मस्यौदाहरूलाई अध्ययन, परिमार्जन र सम्पादन गरी वेबसाइटमा अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइएको।

३९.मन्त्रालयको सामाजिकसञ्जाल ह्याण्डल @MoFANepal_PD मार्फत नेपालको प्राकृतिक सौन्दर्य तथा कला, संस्कृति रसम्पदा प्रवर्द्धन गरी राष्ट्रको छवि अभिवृद्धि गर्ने उद्देश्यले फोटो/भिडियोसहितका कन्टेन्टहरू तयार गरी प्रकाशित/प्रसारित गरिएको।

४०.प्रवक्ता र सूचना अधिकारीका फोनहरूमा प्राप्त प्रश्न, चासो, गुनासो लगायतका विषयमा सम्बन्धित महाशाखा/निकायसँगको समन्वयमा समयमै जवाफ र प्रतिक्रिया उपलब्ध गराइएको। सूचनाको हकसम्बन्धी ऐनबमोजिम माग भएका निवेदनअनुसार सूचना अधिकारीबाट सूचनाहरू उपलब्ध गराइएको।

४१.प्राप्त निवेदनबमोजिम १७ थान गैरआवासीय नेपाली परिचयपत्र जारी गरिएको।

४२.कन्सुलर सेवा विभागबाट १,०२,९३८ थान कागजातहरू प्रमाणीकरण, १३० जना नेपाली नागरिकहरूको उद्धार, मृत्यु/घाइते भएका ४० जनाको क्षतिपूर्तिका लागि र विदेशमा मृत्यु भएका २१ जना नेपालीहरूको शव व्यवस्थापनका लागि नेपाली नियोगहरूसँग समन्वय तथा सहजीकरण गरिएको।

४३.राहदानी विभाग, विदेशस्थित नेपाली नियोग तथा जिल्ला/इलाका प्रशासन कार्यालयबाट गरी यस महिनामा ७९,१८० थान राहदानी जारी गरिएको।

४४.मन्त्रालय र अन्तर्गतका निकायहरूबाट अन्य नियमित लगायतका कामहरू/सेवाहरू निरन्तर सम्पादन/प्रवाह भएका।

परराष्ट्र मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

977-1- 4200182/183/184/185
https://mofa.gov.np/
info@mofa.gov.np